नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Bangkok, Thailand

**प्रेस विज्ञप्ति**

नेपाली राजदूतावास, बैंककले यस राजदूतावासको नाममा बैंककमा घरजग्गा खरिद गरेको छ ।

बैंककको सुकुम्भित रोड-७१ (हाल राजदूतावास रहेकै सडक) को २७ नं. मा रहेको पौने ४ रोपनी जग्गासहितको कम्पाउण्ड र उक्त कम्पाउण्डमा बनेका तीनवटा साना ठूला घरसमेत आज रजिष्ट्रेशन पास गरी नेपाली राजदूतावास, बैंककको नाममा स्वामित्व हस्तान्तरण गरिलिइएको छ ।

उक्त कम्पाउण्मा रहेका घरहरुमध्ये दुइतले मुख्य घरमा राजदूतावासको कार्यालय स्थापना गर्ने, एउटा सानो एक तले घरमा भिसा कार्यालय बनाउने तथा अर्को घरमा एक जना कूटनैतिक कर्मचारीको निवास बनाउने योजना रहेको छ । यसबाट राजदूतावास आफ्नै भवनमा संचालन हुने तथा घरभाडाबापत नेपाल सरकारले व्यहोर्दै आएको व्ययभार पनि कम हुने भएको छ ।

उक्त घर जग्गाको जम्मा मूल्य १५ करोड थाई भाट अर्थात करीव ४५ करोड नेपाली रुपिया परेको छ ।

बैंककमा नेपाली राजदूतावास स्थापना भएदेखि नै नेपाली राजदट्तावास भाडाको घरमा बसिआएको छ । हाल राजदूतावास रहेको घर अत्यन्त जीर्ण अवस्थामा रहेको तथा राजदूतावासलगायत सबै कूटनैतिक कर्मचारीहरुका निवासहरु समेत भाडामा लिइएकोले बैंककमा आफ्नै भवनको आवश्यकता धेरै अघिदेखि महसूस हुँदै आएको थियो ।

उपर्युक्त घर जग्गामा रंग रोगन गर्ने तथा राजदूतावासको आवश्यकताअनुसार संरचना मिलाई सकेसम्म छिटो राजदूतावासको कार्यालय सार्ने योजना रहेको छ ।

उक्त घरजग्गा खरिद गर्ने कार्यमा हरप्रकारले सहयोग प्रदान गर्ने नेपाल सरकार परराष्ट्र मन्त्रालय तथा विभिन्न राय, सुझाव र हौसला प्रदान गर्नुहुने नेपालका विभिन्न पदाधिकारी तथा महानुभावहरुप्रति यो राजदूतावास हार्दिक धन्यवादसहित आभार व्यक्त गर्दछ ।

नेपाली राजदूतावास

बैंकक

२०७३ साल असार १५ गते

२९ जून २०१६

EMBASSY OF NEPAL
Bangkok

189, Soi 71, Sukhumvit Road, Bangkok 10110, Thailand
Tel: 02 3917240, 02 3902280, Fax: 02 3812406
Email: nepembbk@asiaaccess.net.th, Website: www.nepalembassybkk.com